ओता सहर

# "फोहोर फाल्नको लागि निकाल्ने तरिका सम्बन्धी जानकारी"

ओता सहरले रेइवा 4 साल नोभेम्बरदेखि प्लास्टिकलाई स्रोतको रूपमा प्रयोग गरिने कुराहरूको रूपमा सङ्कलन गर्ने प्रयास सुरु गरेको छ।
रेइवा 5 साल अक्टोबर देखि यो प्रयासको कार्यान्वयन क्षेत्र विस्तार गरिनेछ।
साथै कार्यान्वयन क्षेत्रहरूमा नयाँ प्लास्टिक सङ्कलन बार को स्थापना गरिनेछ।


## सङ्कलनको दायरामा तलको चित्रमा भए अनुसारका

- प्लास्टिकले मात्र बनेका सामानहरू
- एक साइडको लम्बाइ 30 cm भन्दा कमका सामानहरू
- फोहोर नलागेका सामानहरू मात्र पर्नेछन्।





【सङ्कलन गरिने प्लास्टिकका उदाहरणहरू】


मार्क भएको खानेकुराको कन्टेनर, बोतल, लेबल आदि



स्टेसनरीका सामग्री, खेलौना आदि



प्याकिङ सामग्री, भण्डारणका सामग्री आदि



किचेनका सामग्री र बाथरुमका सामग्री आदि



【सङ्कलन बार परिवर्तनबारे】

| हाल | स्रोतको रूपमा प्रयोग गरिने कुराहरू 〈हप्तामा 1 पटक〉 | जल्ने 〈हप्तामा 2 पटक〉 | नजल्ने 〈महिनामा 2 पटक〉 |
|---|---|---|---|

**प्लास्टिक** सङ्कलन बार थप गरिनेछ।

<कार्यान्वयन क्षेत्रहरू र सङ्कलन बार अन्तिम पृष्ठमा लेखिएको छ।>

| रेइवा 5 साल अक्टोबरदेखि | प्लास्टिक 〈हप्तामा 1 पटक〉 | स्रोतको रूपमा प्रयोग गरिने कुराहरू 〈हप्तामा 1 पटक〉 | जल्ने 〈हप्तामा 2 पटक〉 | नजल्ने 〈महिनामा 2 पटक〉 |
|---|---|---|---|---|

*रेइवा 4 साल नोभेम्बरदेखि कार्यान्वयन भइरहेको क्षेत्रहरूमा स्रोतको रूपमा प्रयोग गरिने कुराहरूको दिनमा सङ्कलन गरिन्थ्यो तर नयाँ तोकिएको बार निकाल्नुहुन अनुरोध गर्दछौं।

# फाल्नको लागि निकाल्ने तरिका

<u>**सबै प्लास्टिकहरू बटुलेर**</u> **भित्र भएको चीज देखिने झोला (अर्ध पारदर्शी भए पनि हुन्छ) मा हाली, [प्लास्टिक] को दिन बिहानको 8 बजेसम्ममा सङ्कलन स्थानमा लगेर राख्नुहोस्।**





प्लास्टिकको बोतलहरूलाई [स्रोतको रूपमा प्रयोग गरिने कुराहरू] को दिनमा फाल्नको लागि निकाल्नुहोस्।

**अनुरोध** **दुईटा झोला नखप्टाईकन फाल्नको लागि निकाल्नुहोस्।**

हामीले सबै झोलाहरू च्यातेर सङ्कलन गरिएको झोलाहरूको प्लास्टिकहरू निश्चय गरिरहेका छौं। सानो झोलामा हालेको कुरालाई ठूलो झोलामा हाल्ने आदि गरी दुईटा झोला नखप्टाईकन त्यतिकै फाल्नको लागि निकाल्नुहोस्।




# फाल्नको लागि फोहोर निकाल्दा ध्यान दिनुपर्ने कुराहरू

**बुँदा ①** **प्लास्टिकले मात्र बनेका सामानहरू निकाल्नुहोस्!**

**बुँदा ②** **सकेसम्म सफा प्लास्टिक निकाल्नुहोस्!**

फोहोरले वरिपरिको सफा प्लास्टिकलाई पनि फोहोर बनाउँछ।
फोहोर प्लास्टिकलाई रिसाइकल गर्न नसकिने अवस्थाहरू पनि हुन सक्छन्।
**तेलले भएको फोहोर, खानेकुरा आदि हटाउनुहोस्।**



**लगभग 2, 3 पटक पानीले पखाल्नुहोस्।**

**बुँदा ③** **स्टाइरोफम र खानेकुराको ट्रे पनि [प्लास्टिक] को दिन!**

स्टाइरोफम र खानेकुराको ट्रेलाई [स्रोतको रूपमा प्रयोग गरिने कुराहरू] को दिनमा सङ्कलन गरिन्थ्यो तर रेइवा 5 साल अक्टोबर पछि [प्लास्टिक] को दिनमा सङ्कलन गरिनेछ।

# फाल्नको लागि प्लास्टिकको बोतल निकाल्ने तरिका

**[प्लास्टिकको बोतलको बडी]**




कुच्याउने →



→ **स्रोतको रूपमा प्रयोग गरिने कुराहरू**

**बिर्को र लेबल हटाई [स्रोतको रूपमा प्रयोग गरिने कुराहरू] को दिनमा फाल्नको लागि निकाल्नुहोस्।**

**[बिर्को र लेबल]**



→ **प्लास्टिक**


**बोतलबाट बिर्को र लेबल हटाई [प्लास्टिक] को दिनमा फाल्नको लागि निकाल्नुहोस्।**

# प्लास्टिकको रूपमा सङ्कलन गर्न नसकिने प्लास्टिकहरू (उदाहरण)


<u>पानीले पखाल्दा पनि फोहोर नहट्ने कन्टेनरहरू</u>



धातु जस्ता प्लास्टिक बाहेकका कुराहरू भएका सामानहरू



लगभग 30 cm वा सोभन्दा बढीका सामानहरू



ठूलो आकारको फोहोरको रूपमा फाल्नको लागि निकाल्नुहोस्।

घरमा गरिने चिकित्सामा प्रयोग गरेको सिरिन्ज आदि




स्वास्थ्य संस्था अथवा सरसफाइ कार्यालयमा सम्पर्क गरी सोधपुछ गर्नुहोस्।

लाइटर

अनिवार्य रूपमा सबै प्रयोग गरी झोलामा हालेर नजल्ने फोहोरमा फाल्नको लागि निकाल्नुहोस्।




मोबाइल ब्याट्री



बिक्री पसल आदिको सङ्कलन बक्समा हाल्नुहोस्।

# सङ्कलन गरिएको प्लास्टिकलाई के गरिन्छ?




# प्लास्टिकको रिसाइकल प्रशोधन

| | | | |
|---|---|---|---|
| **सामग्री रिसाइकल** | **प्रयोग भइसकेको प्लास्टिक** | **प्यालेट* आदिलाई स्रोत बनाउने** | **प्लास्टिकको पुनः प्रयोग** |
| **केमिकल रिसाइकल** | **प्रयोग भइसकेको प्लास्टिक** | **ग्याँस बनाउने आदि गरी छुट्याउने** | **रासायनिक कच्चा पदार्थको रूपमा पुनः प्रयोग** |




*प्यालेट भनेको दाना (चामलको दाना) आकारको मोल्ड गर्नु अघिको प्लास्टिक हो।

# प्लास्टिकको फोहोर घटाउने प्रयास गरौं!

प्लास्टिक हाम्रो दैनिक जीवनको कुना-कुनासम्म व्यापक रूपमा प्रवेश गरी यो उपयोगी र अपरिहार्य वस्तु बनेको छ। त्यसका साथसाथै प्लास्टिकको निर्माण, उपयोग र नष्टको चरणहरूमा $CO_2$ उत्सर्जन, सामुद्रिक प्लास्टिक फोहोरको कारण पर्यावरण प्रदूषण जस्ता समस्याहरू भई प्लास्टिकलाई स्रोतको रूपमा रिसाइकल गरी प्रयोग गर्ने कुराको महत्त्व बढिरहेको छ।

दिगो समाज निर्माण गर्दै अघि बढ्नको लागि सजकतापूर्वक प्लास्टिकको प्रयोग गर्नुका साथै प्रयोग गरेपछि प्लास्टिक रिसाइकललाई प्रवर्द्धन गरी रिसाइक्लिङ प्रयोग गर्नु आवश्यक हुन्छ।

ओता सहरले रिसाइक्लिङ-उन्मुख समाज बनाउने लक्ष्य लिएर **फोहोर न्यूनीकरण (Reduce), पुनःप्रयोग (Reuse)** (यसपछि **2R** भनिनेछ।) द्वारा सकेसम्म फोहोर ननिस्कने जीवनशैलीमा परिवर्तन गर्ने कार्यलाई प्रवर्द्धन गरिरहेको छ। **2R** गरेपछि पनि निस्कने अनावश्यक वस्तुहरूलाई सकेसम्म **पुनरुत्पादन गरी प्रयोग (Recycle)** गर्न सक्ने गरी निकाल्ने कार्यलाई प्रवर्द्धन गरी वातावरणीय प्रभावलाई न्यूनीकरण गर्नुका साथै ल्यान्डफिल साइटहरूको आयु लम्ब्याउने प्रयास गर्नेछ।

## प्लास्टिक घटाउनको लागि दिनुपर्ने प्राथमिकताको क्रम

### ① Reduce
**(रिड्युस)**

- नचाहिने कुराहरू खरिद नगर्ने।
- आफ्नो झोला र बोतल प्रयोग गर्ने।
- रिफिल गर्न मिल्ने सामानहरू प्रयोग गर्ने।
- अनावश्यक प्याकेजिङ अस्वीकार गर्ने।
- एक पटक प्रयोग गरेर फाल्ने सामानहरू प्रयोग गर्न कम गर्ने।





### ② Reuse
**(रियूज)**

- रिसाइकल मार्केट (यसमा web र एप्लिकेसनहरू पनि पर्छ) र रिसाइकल पसल आदि प्रयोग गर्ने।
- फिर्ता गर्न मिल्ने सामानहरू प्रयोग गर्ने।
- मर्मत र रिमेक गरी लामो समय प्रयोग गर्ने।



### ③ Recycle
**(रिसाइकल)**

- सही ढंगमा वर्गीकरण गरी [प्लास्टिक] को दिनमा निकाल्ने।
- सुपरमार्केट आदिको सङ्कलन स्थानमा लिएर जाने।



# प्लास्टिक सङ्कलन अग्रिम कार्यान्वयन क्षेत्रहरू

(हाल रेइवा 5 साल अक्टोबर)

| सङ्कलन स्थान भएको ठाउँ | | सङ्कलन बार |
|---|---|---|
| इसिकावा च्यो | सबै क्षेत्रहरू (1-2 च्योमे) | सोमबार |
| ओमोरी-किता | 5 च्योमे 9-11 बान र 14 बान | सोमबार |
| ओमोरी-नाका | सबै क्षेत्रहरू (1-3 च्योमे) | मंगलबार |
| ओमोरी-निसी | 1-6 च्योमे<br>7 च्योमे 1-6 बान र 7 बान (6-19 गोउ) | शुक्रबार |
| | 7 च्योमे 7 बान (1-5 गोउ र 20-28 गोउ)<br>8-9 बान | सोमबार |
| ओमोरी-हिगासी | सबै क्षेत्रहरू (1-5 च्योमे) | मंगलबार |
| ओमोरी होनच्यो | 2 च्योमे 25 बान (10-19 गोउ)<br>27 बान (5-7 गोउ)<br>28-30 बान | मंगलबार |
| ओमोरी-मिनामी | 1 च्योमे 5-11 बान<br>12 बान (8-16 गोउ)<br>17 बान (7-17 गोउ)<br>18 बान (7-14 गोउ)<br>2-5 च्योमे | मंगलबार |
| | 1 च्योमे 1-4 बान<br>12 बान (1 गोउ, 2 गोउ, 18 गोउ र 20-26 गोउ)<br>13-16 बान<br>17 बान (1-6 गोउ र 18-27 गोउ)<br>18 बान (1-6 गोउ र 16-26 गोउ)<br>19-24 बान | बुधबार |
| कामिइकेदाइ | 1 च्योमे 1-17 बान र 20 बान | बुधबार |

| सङ्कलन स्थान भएको ठाउँ | | सङ्कलन बार |
|---|---|---|
| कितासेनजोकु | सबै क्षेत्रहरू (1-3 च्योमे) | बुधबार |
| किताकोजिया | सबै क्षेत्रहरू (1-2 च्योमे) | बुधबार |
| देनएनच्योफु | सबै क्षेत्रहरू (1-5 च्योमे) | सोमबार |
| नाकारोकुगोउ | 1 च्योमे | सोमबार |
| | 2-4 च्योमे | बिहीबार |
| निसीकोजिया | सबै क्षेत्रहरू (1-4 च्योमे) | शनिबार |
| निसीरोकुगोउ | 1 च्योमे | सोमबार |
| | 2-4 च्योमे | बिहीबार |
| हागिनाका | सबै क्षेत्रहरू (1-3 च्योमे) | शनिबार |
| हिगासीकोजिया | सबै क्षेत्रहरू (1-6 च्योमे) | बुधबार |
| हिगासीरोकुगोउ | सबै क्षेत्रहरू (1-3 च्योमे) | बिहीबार |
| मिनामिसेन्जोकु | सबै क्षेत्रहरू (1-3 च्योमे) | बुधबार |
| युकिगाया ओचुकामाची | सबै क्षेत्रहरू | सोमबार |

*आर्थिक वर्ष रेइवा 7 सालमा अन्य सबै क्षेत्रहरूमा पनि कार्यान्वयन गर्नको लागि आउने दिनहरूमा विस्तार गर्दै जाने योजना रहेको छ।

**सम्पर्क स्थान** ओता सहर सरसफाइ शाखा सरसफाइ तथा रिसाइकल काउन्टर फोन नम्बर 03(5744)1628